# दैनिक लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३८ | अंक ४३ | बुटवल | २०८२ माघ २३ गते, शुक्रबार | नेपाल संवत ११४६ | Friday February 06, 2026 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini



**हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं**

तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्

**सुपर काइनेटिक कुरियर्स सर्भिस**

ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोनः- ०७१५४२५७१


# आचारसंहिताविपरीत घरदैलोमा उम्मेदवारहरू

रूपन्देहीमा व्यापक आचारसंहिता उल्लंघन भएको छ। आचारसंहिता उल्लंघन गर्नेको उम्मेदवारी रद्दसम्मको व्यवस्था छ।




**मोहम्मद हबिब**

*भैरहवा*

आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा रूपन्देहीका उम्मेदवारहरूले निर्वाचन आचारसंहिताको पालना गर्ने प्रतिबद्धता जनाए पनि उल्लंघनको क्रम सुरु भएको छ।

निर्वाचन आचारसंहिता २०८२ को दफा १३ (म) मा मतदान हुने दिनभन्दा सत्र दिन अगाडि अर्थात् फागुन ४ गतेदेखि मात्रै जुलुस आमसभा, वा कोणसभा गर्न, सञ्चार माध्यममा प्रचार प्रसार सामग्री प्रकाशन वा प्रसारण गर्न, प्रचारप्रसारको लागि घरदैलो कार्यक्रम गर्न पाउने उल्लेख गरे पनि अहिलेबाट नै अधिकांश उम्मेदवार घरदैलोमा व्यस्त रहेका छन्।

रूपन्देहीका उम्मेदवारहरू घरदैलो गर्ने, मतदातालाई समूहमा उपस्थित गराई सल्लाह सुझाव लिने गरेको पाइएको छ।

यस्तै आचारसंहिता विपरीत सार्वजनिक ठाउँमा ब्यानर लगाउने, घरदैलो गर्ने, भारतीय गाडी र धेरै गाडीको प्रयोग गर्ने, कलर पर्चा पम्पलेट, निर्वाचन चिन्ह अंकित सामग्रीको प्रयोग गरिरहेका छन्। यस्तै वडा वडामा सम्पर्क कार्यालय स्थापना गर्ने कार्य पनि राजनैतिक दल र उम्मेदवारहरूले गरेका छन्।

यस्तै सरकारी कार्यालयका कर्मचारीहरू पनि खुला रूपमा राजनैतिक दलको समूहमा हिड्ने, प्रचारप्रसारमा सहयोग गर्ने गरेको पाइएको छ।

यस्तै आचारसंहिता को परिच्छेद ३ को दफा ५ को (क) मा मन्त्री, स्थानीय कार्यपालिका पदाधिकारीहरू राजनैतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा प्रचार प्रसारमा संलग्न हुन वा प्रचार प्रसार गर्न नहुने भनिए पनि पालिकाका निर्वाचित प्रमुख, अध्यक्ष, उपाध्यक्ष र वडाध्यक्षहरू कार्यक्रममा सहभागी भइरहेका छन्। यस्तै प्रदेशका मन्त्रीहरू पनि सहभागी भइरहेका छन्।

दफा १३ मा स्थानीय प्रशासनको अनुमति २४ घण्टा अगावै गरि मात्रै भेला गर्नु भने पनि निर्वाध तरिकाले वडा वडामा स्थानीयहरूको भेला गराई कार्यालय स्थापना भइरहेको छ।

यस्तै दफा १३ को (ज) मा सार्वजनिक ठाउँमा दलको झण्डा, निर्वाचन चिन्ह राख्न वा टास्न नहुने उल्लेख भए पनि ठूला ठूला व्यानर राखिएको छ।

भेला प्रचारप्रसारको समय बिहान ७ बजेदेखि साँझ ७ बजेसम्म मात्रै गर्न भने पनि राती अबेरसम्म यि कार्यक्रम अहिलेदेखि नै भइरहेको छ।

निर्वाचन प्रयोजनको लागि ७५ ग्राम पेपरमा ३ सय वर्ग ईन्च एक रंगको र मुद्रकको नामसहित पर्चा मात्र प्रयोग गर्नु भने पनि त्यसको विपरीत पर्चाहरू बनाइएको छ।

उम्मेदवार वा दलको कार्यालयमा साइनबोर्ड तथा कपडामा बनाइएको ३ बाई ४ फिट सम्मको मात्रै राख्न मिल्ने भए पनि फोटोसहितको फलेक्स बोर्डहरू राखिएका छन्।

प्रचारप्रसारमा घरदैलौ गर्दा उम्मेदवारसहित २५ जनाभन्दा बढी जुलुस लिएर जान नहुने र बाजागाजा तथा झाँकीको प्रयोग पनि बन्देज गरिएको छ। कतिपयले भारतीय गाडीको प्रयोग पनि गरिरहेका छन्।

निर्वाचन प्रचारप्रसारमा राष्ट्रिय झण्डाको प्रयोग गर्न नमिल्ने भए पनि त्यसको प्रयोग जाथाभावी गर्दा समेत नियमन निकायको ध्यान जान जरूरी छ।

हालै मात्रै मुख्य निर्वाचन अधिकृतको कार्यालयले गरेको सर्वदलिय सर्वपक्षिय बैठकमा अधिकांश उम्मेदवारले आचारसंहिता पूर्ण पलना गर्ने प्रतिबद्धता जनाएका थिए।

निर्वाचन आयोगले आचारसंहिता उल्लङ्घन गर्नेलाई एक लाख रुपैयाँसम्म जरिवाना हुनेदेखि उम्मेदवार रद्दको निर्णयसम्म हुन सक्ने व्यवस्था गरेको छ। यस पटक आयोगले निर्वाचन कसुर तथा सजाय ऐन २०७३ अन्तर्गत कारबाही हुन सक्ने व्यवस्था निर्वाचन आचार संहिता २०८२ मै उल्लेख गरेको छ।

निर्वाचन आयोग ऐन २०७३ को दफा २३ अनुसार आचारसंहिता उल्लङ्घन गर्नेलाई एक लाख रुपैयाँदेखि उम्मेदवारी रद्दको निर्णयसम्म हुनसक्ने व्यवस्था आचारसंहिताको दफा ४८ मा उल्लेख गरिएको छ।

जिल्ला निर्वाचन अचारसंहिता अनुगमन समितिको संयोजकमा मुख्य निर्वाचन अधिकृत अशोककुमार बस्नेत रहेका छन भने ७ सदस्यीय समिती छ।

अनुगमन समिति अधिकृत सहायक प्रमुख जिल्ला अधिकारी मातृका आचार्यका अनुसार फोन, सामाजिक सञ्जाल र लिखित रूपमा उजुरी प्राप्त भए पनि गम्भीर प्रकृतिको उजुरी नभएको बताए। सामान्य उल्लंघनको उजुरी आएकोले हामीले सम्बन्धितलाई सोको जानकारी गराएर निगरानी गरी केही हटाउन लगाई आचारसंहिता पालना गराउनेतर्फ लागेका छौं।

पोस्टर टासेको, व्यानर टासेको, कार्यकर्तालाई भोज खुवाएकोलगायतको उजुरी आएको र त्यसलाई बन्द गराई सकारात्मक नतिजा आएको, जिल्लामा आएको सबै उजुरी फछ्र्यौट भएको उनले जानकारी दिए।

# चुनाव एकै चरणमा : प्रधानमन्त्री

बुटवल। प्रधानमन्त्री सुशीला कार्कीले तोकिएकै मितिमा निर्वाचन हुनेमा ढुक्क हुन सबैमा आग्रह गरेका छिन्।

बिहीबार मतपत्र छपाइस्थल जनक शिक्षा सामग्री केन्द्रको प्रेसमा अनुगमनपछि सञ्चारकर्मीहरूसँग कुरा गर्दै प्रधानमन्त्री कार्कीले यस्तो आग्रह गरेकी हुन्।

उनले निर्वाचन एकै चरणमा हुने भन्दै निश्चिन्त रहन समेत सबैमा आग्रह गरिन्।

निर्वाचनको समयमा सबै भूगोलको मौसमसमेत अनुकूल रहने विश्वास व्यक्त गर्दै सबै मतदाताले निर्वाध रूपमा मतदान गर्न पाउने विश्वास व्यक्त गरिन् ।

'ढुक्क र निश्चिन्त हुनुस् । एकैदिनमा हुन्छ चुनाव । दुई चोटि हुनेवाला छैन । तोकिएकै मितिमा हुन्छ,' प्रधानमन्त्री कार्कीले भनिन्-'मलाई लाग्छ मौसम पनि राम्रो हुनेछ। हामी सबैले मतदान गर्न पाउनुहुनेछ। निर्वाचित प्रतिनिधि सभालाई सरकार हस्तान्तरण गर्छौं र आफ्नो घर जान्छौं।'

निर्वाचनलाई स्वच्छ, निष्पक्ष र भयरहित वातावरणमा निर्वाचन सम्पन्न गर्न निर्वाचन आयुक्तको भूमिका प्रसंशनीय रहेको भन्दै धन्यावाद समेत व्यक्त गरिन्।

# पूर्व नगर उप-प्रमुख गुप्ताको निधन



भैरहवा। सिद्धार्थनगरका पूर्व उप-प्रमुख एवं निर्माण व्यवसायी, इट्टा उद्योगी रतनकुमार गुप्ताको निधन भएको छ।

रूपन्देहीको सिद्धार्थनगर नगरपालिका वडा नम्बर ३ का स्थायी बासिन्दा गुप्ताको बुधबार बेलुकी ८ बजे तिलोत्तमा नगरपालिका-५ मणिग्रामस्थित क्रिमसन अस्पतालमा निधन भएको हो । स्वास्थ्य अवस्था गम्भीर भएपछि उनलाई १२ दिनअघि अस्पताल लगिएको थियो।

बहुदलीय व्यवस्थाको पुनर्स्थापनापछि भएको पहिलो स्थानीय निकायको निर्वाचनमा नेपाल सद्भावना पार्टीबाट गुप्ता सिद्धार्थनगर नगरपालिकाको उपप्रमुखमा निर्वाचित भएका थिए। ७६ वर्षीय गुप्ता दम, मृगौलालगायत रोगबाट ग्रसित थिए। स्वर्गीय गुप्ताको श्रीमती, दुई छोरा र तीन छोरी छन्।

इमान र निष्ठाको राजनीति गर्ने गुप्ता २०५६ मा सिद्धार्थनगरको उप-प्रमुख तथा २०६४ र २०७० सालमा संविधानसभा सदस्य निर्वाचनमा समेत उम्मेदवार थिए।

वि.सं.२००६ साल फागुनमा बुवा अल्गुप्रसाद र आमा समुनरादेवीका एकल पुत्रको रूपमा सामान्य किसान परिवारमा जन्मिएका गुप्तालाई केही वर्षअघि घरमै मष्तिष्कघात भएको थियो। गुप्ता मधुमेह रउच्च रक्तचापको पनि रोगी थिए। सिद्धार्थनगर नगरपालिकाका प्रमुख इश्तियाक अहमद खाँले रतनकुमार गुप्ताले नगरपालिकाको विकास, सुशासन र जनसेवामा पुऱ्याएको योगदान सदा स्मरणीय रहने बताए। गुप्ताको निधनले नगरले एउटा असल अभिभावक गुमाएको उनको ठहर छ।

# पत्रकार भट्टराईको निधन



भैरहवा । पुराना पत्रकार दिलीप भट्टराईको निधन भएको छ। उपचाररत भट्टराईको बिहीबार साँझ निधन भएको हो। केही दिन अगाडि मात्रै ब्रेन ह्याम्रेज भई अस्पताल पुगेका भट्टराईको उपचारका क्रममा ८२ वर्षको उमेरमा निधन भएको परिवारले जनाएको छ।

सिद्धार्थनगर -८ रवि पथमा बस्दै आएका उनी लामो समयदेखि पत्रकारितामा सक्रिय रहँदै पछिल्लो समय सामाजिक क्षेत्रमा अग्रसर थिए। उनले अहिले क्यान्सर रोगकाविरुद्ध विभिन्न अभियान चलाउँदै आएका थिए। उनी दर्जनौ संघसंस्थामा आबद्ध थिए।

काठमाडौंमा निधन भएको उनको पार्थिव शरीर शुक्रबार भैरहवा ल्याइने पारिवारिक स्रोतले जानकारी दिएको छ।

# रास्वपाको प्राइमरी इलेक्सन 'भ्रष्टाचारको नयाँ तरिका' भन्दै डा. कुँवरले छाडे पार्टी



बुटवल । राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा) रूपन्देही क्षेत्र नं. १ का नेता अधिवक्ता डा. श्रीबहादुर कुँवरले पार्टी परित्याग गरेका छन्। बुधबार पार्टी केन्द्रीय सभापति रवि लामिछानेलाई सम्बोधन गर्दै उनले पार्टीको साधारण सदस्य समेत नरहने गरी राजीनामा दिएको विषय बिहीबार सार्वजनिक भएको हो।

राजीनामा पत्रमा उनले प्राइमरी इलेक्सनबाट उम्मेदवार छनोट गर्ने विधि लत्याएर पार्टीले खल्तीबाट उम्मेदवार बनाएको भन्दै पार्टी परित्याग गरेको बताएका छन्। आफू स्थापना कालदेखि पार्टीमा सक्रियरूपमा काम गर्दै आएको उल्लेख गर्दै उनले प्रतिनिधिसभा सदस्यका लागि उम्मेदवार बन्ने तयारीमा रहे पनि पार्टीले प्राइमरी भोटिङ नगरी सुनिल लम्साललाई टिकट दिएकोमा उनले असहमति जनाएका छन्।

टिकट वितरण प्रक्रियामा असहमति जनाउँदै उनले प्रगतिशील लोकतात्रिक पार्टीबाट मनोनय दर्ता गरेका थिए। तर अर्कोदिन रास्वपा महामन्त्री समेत रहेका रूपन्देही क्षेत्र नं. १ का उम्मेदवार लम्सालको अनुरोधमा भेट गरी मिलेर जाने सहमति भएको तर लम्सालले आफूसँग भएको सहमति पालना नगरेपछि माघ २० गते पार्टी छाडेको कुँवरले बताए।

कुँवरले पार्टी क्षेत्रीय समिति र उम्मेदवारसँगको सहमतिमा आफू पछि हटे पनि उम्मेदवार लम्साल र उनको सचिवालयका कारण आफू पार्टी परित्याग गर्न बाध्य भएको दाबी गरे । स्रोतका अनुसार कुँवरलाई आगामी निर्वाचनमा लुम्बिनी प्रदेशसभा सदस्यको टिकट दिने सहमति भएको थियो। कुँवरले यसबारे लिखित सहमति हुनुपर्ने माग गरेका, तर लम्सालले अस्वीकार गरेपछि कुँवर रूष्ट भएर राजीनामा गरेका हुन्।

पार्टीले अंगिकार गरेको प्राइमरी इलेक्सन मन परेर रास्वपामा जोडिएको, तर प्राइमरी इलेक्सनलाई लत्याएर पार्टीले खल्तीबाट सुनिल लम्साललाई उम्मेदवार बनाएको, राष्ट्रियताप्रति पार्टीको सोंच र दृष्टिकोण स्पष्ट नहुंदा विश्वस्त हुन नसकेर पार्टी परित्याग गरेको कुंवरले बताए। समानुपातिकमा नाम राखिदिने भनेर ५० हजार र प्रत्यक्षमा २५ हजार रकम लिने विषय भ्रष्टाचारको नयां तरिका भएको कुँवरले टिप्पणी गरे।

'म अमेरिकामा सेटल भएर बसिरहेको थिएँ, रास्वपाका क्षेत्रीय सभापति मोहनविक्रम जीसी र नेता प्रेम खत्रीलगायतले देवदह फर्केर उम्मेदवार बन्न आग्रह गरेकाले आएर उम्मेदवार सिफारिस पनि भएँ, प्राइमरी इलेक्सन हुन्छ भन्ने विश्वासमा रहें, तर भएन,' कुँवरले दैनिक लुम्बिनीसँग भने-'रास्वपाले प्राइमरी इलेक्सनका नाममा आकांक्षीबाट पैसा असुल्ने, तर प्राइमरी इलेक्सन नगर्ने विषय भ्रष्टाचारको नयाँ तरिका हो, यस्तो विषय स्वीकार्न सकिन्न।'


» बाँकी ३ पेजमा



**गाउँपालिकाद्वारा जनहितमा जारी सन्देश**

**सार्वजनिक सेवा लिंदाध्यान दिऔं ।**

- आफूले लिने सेवाका सम्बन्धमा जानकारी राखौं,
- आवश्यक कागजात/प्रक्रिया पूरा गरौं,
- नागरिक बडापत्रका बारेमा जानकारी राखौं, -
- आधिकारिक सेवा प्रदायकबाट मात्र सेवा लियौं,
- सेवा प्राप्त गर्दा विचौलियाको प्रयोग नगरौं,
- सकेसम्म अनलाईनबाटै सेवा लिने र दिने गरौं,
- जेष्ठ नागरिक, अपाङ्गता भएका तथा अशक्त व्यक्तिलाई प्राथमिकता दियौं,
- सेवा प्रवाहमा समस्या देखिए सम्बन्धित निकायमा सम्पर्क गरौं,
- अनियमितता र भ्रष्ट्राचारविरूद्ध उजुरी गरौं,

सार्वजनिक सेवालाई सरल, सहज र पारदर्शी बनाऔं।

**सरावल गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

नवलपरासी (ब.सु.प.) लुम्बिनी प्रदेश, नेपाल

## सम्पादकीय

# निर्वाचनमा खर्च नियन्त्रणको पहलकदमी

निर्वाचन आयोगले आगामी फागुन २१ गतेको चुनावलाई लक्षित गरी उम्मेदवारले गर्न पाउने खर्चलाई नियन्त्रण गर्न पहलकदमी लिनु सकारात्मक छ । त्यसका लागि राजनैतिक दल तथा उम्मेदवारले निर्वाचनका बेला पाउने नगद सहयोग तथा चन्दा अब बैंक खातामा राखेर कारोबार गर्नुपर्ने व्यवस्था गरेर मनपरी खर्चमा नियन्त्रण गर्न खोजेको छ।

निर्वाचन आयोगले राजनीतिक दल तथा उम्मेदवारहरूका लागि निर्वाचन अभियान बैंक खाता कार्यविधि–२०८२ मा बैंक खातामा राखेर कारोबार गर्ने व्यवस्था गरेर पारदर्शी खर्च प्रणाली व्यवस्थापन गरेको हो । यो व्यवस्थाले राजनैतिक दल तथा उम्मेदवारले नगद वा चेक जुनसुकै माध्यमबाट रकम प्राप्त गरेपछि खातामा जम्मा गरेर मात्रै खर्च गर्नुपर्नेछ । मनपरी खर्चले निर्वाचन भड्किलो बन्दै गएपछि आयोगले नियन्त्रणको प्रयास गर्दा भड्किलो निर्वाचन प्रचार नियन्त्रण हुनसक्छ। त्यसैगरी निर्वाचन पैसा हुनेले मात्रै टिकट पाउने र जित्ने अवस्थाको अन्त्य हुन बल पुग्छ। अहिले कतिपय उम्मेदवार पैसाको आडमा टिकट पाउने र राजनैतिक दलका शीर्ष नेता नै पार्टीलाई आर्थिक सहयोग गरेकै आधारमा कतिपयलाई टिकट दिने प्रवृत्ति मौलाएको छ। यसले उम्मेदवार बन्नकै लागि पैसा चाहिने र धनाढ्यले नै निर्वाचन कब्जा गर्दा लोकतन्त्रको मर्ममाथि नै प्रहार हुने जोखिम बढ्दै गएको छ। स्वच्छ र मर्यादित निर्वाचनमाथि नै प्रहार हुँदा खर्च नियन्त्रणले निर्वाचनलाई मर्यादित र स्वच्छ बनाउने छ।

सरकार वा सरकारी बजेट परिचालन हुने ठाउँमा आर्थिक सहयोग लिन नपाउने व्यवस्थाले पनि भ्रष्टाचार नियन्त्रणमा बल पुग्ने छ । पब्लिक कम्पनीहरूबाट पनि आर्थिक सहयोग लिन नपाउने व्यवस्थाले पनि पहुँच भएको उम्मेदवारले मात्रै निर्वाचनमा स्रोत परिचालनको अवसरलाई नियन्त्रण गर्न खोज्नु सकारात्मक छ। विदेशी सरकार, संस्था वा व्यक्तिबाट पनि सहयोग लिन नपाइने व्यवस्थाले निर्वाचन पैसाको आडमा होइन, जनताको मनलाई जितेर अघि बढ भन्ने सन्देश हो । यद्यपि यो व्यवस्थाको व्यवहारिक कार्यान्वयनको पाटो कत्तिको सहज हुन्छ । र आयोगले कार्यान्वयनका लागि कत्तिको प्रभावकारी ढंगले अग्रसर हुन्छ, त्यो नै महत्वपूर्ण प्रश्न हो ।

निर्वाचन भड्किलो बन्नबाट रोक्न आयोगले चालेका कदमलाई व्यवहारिक कार्यान्वयन गर्न सबै राजनैतिक दल र उम्मेदवारको साथ र सहयोग आवश्यक छ । राजनैतिक दलले सुशासनको एजेण्डा उठाउने, तर निर्वाचनमा हुने खर्च र त्यो खर्चको स्रोतको पारदर्शितामा प्रश्न उठिरहेका बेला पारदर्शिताका लागि बाध्यकारी बनाउनुले निर्वाचनलाई सकारात्मक प्रभाव पर्नेछ।

# चुनाव बहिष्कार किन ?



विनबहादुर कुँवर

> पश्चिम दार्चुला र पूर्व विराटनगरमा जनताहरु पनि यो निर्वाचन बहिष्कार वा नो भोटको पक्षमा देखिन थालेका छन् । अन्त्यमा यो निर्वाचन बहिष्कार केवल केही व्यक्ति विशेष वा यथास्थिति अझ प्रतिगमनका लागि नभएर यो वर्तमान सामन्ती, दलाल र नोकरशाही राज्य व्यवस्थाको खारेजी र अन्त्य अनि देशको राष्ट्रियता, स्वाभिमानका साथै जनगणतन्त्र स्थापनाका लागि हुनु पर्दछ।

आगामी फागुन २१ मा विघटित संसदको निर्वाचनका लागि विभिन्न दल तथा स्वतन्त्र व्यक्ति विशेष चुनावी प्रचार-प्रसार र दौडधुप गरिरहेका छन् । आखिर यो निर्वाचन किन र के का लागि भन्ने कुरा छुट्याउन नै सकिएको छैन । गत भदौ २३ र २४ मा भएको जेनजी आन्दोलनकै कारण तत्कालीन ओली सरकारको बर्खास्ती सुशीला कार्कीको नेतृत्वमा नयाँ नागरिक सरकारको निर्माण र त्यसले गरेको संसद विघटन अनि त्यसका लागि यो निर्वाचन हो सामान्य भाषामा यो बुझ्न सकिन्छ । वास्तवमा यो यथास्थितिको निरन्तरता मात्रै हो अर्थात् २०८४ मा हुन पर्ने यो निर्वाचन २०८२ मा नै हुन गइरहेको छ। तिनै पुराना पार्टी तिनै पुराना नेताहरुकै बाहुल्यता र सक्रियता नै यो निर्वाचनमा देखिंदैछ । जस्तो बिऊ रोप्यो त्यस्तै बिरुवा अनि त्यसले फलाउने भनेकै त्यस्तै फल नै हुन्छ । नयाँ केही पनि हुँदैन । जनतालाई अझ भनौं नयाँ जेनजीहरुलाई आखिर हात्ती आयो हात्ती आयो फुस्सा नै हुने निश्चित छ। ७०-७५ जना निमुखा जेनजीहरुको रगत, पसिना र बलिदान त्यत्तिकै खेर जाने प्रष्ट छ।

वास्तवमा जेनजीहरुको त्यो आन्दोलनको मूल माग त यो चालु संसदीय व्यवस्थाको खारेजी र राज्यको आमूल परिवर्तनको थियो । त्यसैलाई आधार बनाएर नयाँ नागरिक सरकार निर्माण भयो । त्यसले सदन भंग गऱ्यो तर वर्तमान संविधान यथावत राखियो । त्यसैको नाममा सपथ खाई यो नागरिक सरकारले यो निर्वाचनको घोषणा गऱ्यो । यो संविधान मान्ने र यसलाई टेकेर बनाइएको यो सरकार अनि यसैको निर्णयमा गराइने यो निर्वाचन स्वतः असंवैधानिक छ । यदि यो संविधान मान्ने हो भने कुन धारा र कुन उपधाराअन्तर्गत यो सरकार बनाइएको छ ? जबकि यो संविधानको भाग ७ धारा ७१ को उपधारा १ देखि ७ सम्म मन्त्रिपरिषद् गठनको व्यवस्था गरेको छ। जसअन्तर्गत मन्त्रिपरिषद् गठन हुन नसके मात्रै उपधारा ७ अन्तर्गत संसद विघटन गरी छ महिनाभित्रमा तब मात्र यस प्रकारको निर्वाचन गर्ने संवैधानिक प्रावधान छ।

त्यस्तै वर्तमान प्रम सुशीला कार्की पूर्व प्रधानन्यायाधीश भएकाले पनि यो संविधान अनुसार उनी यस्ता अरु कुनै पनि सरकारी पदमा नियुक्ति हुन सक्दिनन् । संविधानको भाग ११ धारा १३२ को उपधारा १-२ मा यो स्पष्ट लेखिएको छ । त्यसैले यो सरकार विल्कुल संविधान विपरीत स्वतः स्फूर्त खोजुवा सडक छाप सरकार हो । अब यस्तो सरकारबाट हुने भनेको यो निर्वाचन पनि स्वतः संविधानविपरीत छ । यस अर्थमा पनि यो निर्वाचनको विरोध गर्नु, भाग नलिनु र बहिष्कार गर्नु आम नागरिक र दलहरुको जिम्मेवारी र संवैधानिक हक अधिकारको कुरा हो।

यही भएर एमाले र कांग्रेस अनि कतिपय नागरिकहरुले यसको विरोध गर्दै संसद पुनर्स्थापनको माग गर्दै सर्वोच्चमा रिट निवेदन पेश गरेका थिए । तर त्यसलाई सर्वोच्चले त्यत्तिकै थातिराखेको छ। एक प्रकारले सर्वोच्च अदालत नै यो सरकार सामू निरीह जस्तै बनेको छ । कानुनी भाषामा ढिलो गरी न्याय दिनुभनेकै न्या नदिनु भनेको पनि हो । संसद विघटन भएको छ महिना हुनै लाग्यो कथित निर्वाचनको अन्तिम तयारी भइसकेको छ । त्यसैले यो संसद पुनर्स्थापनाको रिट निवेदनले यो सरकार, अदालत, दल र दल नेताहरुको नालायक र असक्षमताप्रति व्यंग्य रहेको छ । संसद पुनर्स्थापनाको पक्षमा १० हात उफ्रँदै विरोध गर्ने एमाले र त्यसका नेता केपी ओली समेत अहिले यसमा सरकारप्रति नतमस्तक भई यही असंवैधानिक कथित निर्वाचनमा हाम फालिसकेका छन् । एउटा प्रम सुशीला कार्कीले देखाएको ललिपप अर्थात् ओलीको स्थान हदको फुकुवा र आफ्नै निवासमा बसी छानबिन आयोगले लिने बयानका कारण अहिले ओली पनि यो सरकारका अगाडि गरुडको छायामा सर्प लठ्ठिए जस्तै भएका छन् । जसका कारण आफू मात्रै होइन अब उनको सिंगो पार्टी नै यो निर्वाचनबाट पत्तासाफ हुने सम्भावना बढेर गएको छ। पार्टीको मूल राजनीतिक एजेण्डाबाट बहकिएर अर्थात यो सरकार र यसले गर्ने भनिएको कथित संसदीय निर्वाचनको विरोध गरी विघटित संसदको पुनर्स्थापनको एजेण्डाप्रति बेवास्ता गरेबाट एमाले र कांग्रेस दुवै मूल एजेण्डाविहीन बनेका छन् । कांग्रेसले त देउवा गुटलाई अपदस्त गरी यसलाई सच्याइसकेको छ। तर एमालेमा त्यो भएन। राजनीतिमा जसको मूल एजेण्डा हो उसैको जित स्वाभाविक छ । यो चुनावी एजेण्डा पश्चिमा शक्ति केन्द्रको पालनपोषण र लगानीमा हुने सर्वविदितै भइसकेको छ।

यो अर्थात् आगामी निर्वाचन वर्तमान देशको राष्ट्रियता, स्वाभिमान र अस्तित्वसित पनि जोडिएको छ। विगत भाद्र २३ र २४ मा भएको जेनजी आन्दोलन किन र के का लागि गराइएको थियो त्यो अहिले छर्लङ्गै भइसकेको छ । स्वयं जेनजी आन्दोलनका केही अगुवाहरुले हाम्रो त्यो आन्दोलनमा घुसपैठ भयो अर्थात् आन्दोलनलाई हाईज्याक गराइयो। अब त्यो घुसपैठ र हाईज्याक कोबाट र कसरी भयो ? कुरा स्पष्ट छ पश्चिमा अमेरिकी साम्राज्यवादबाट पालित पोषित र सञ्चालित बारबारा फाण्डेशन, अमेरिकी युथ काउन्सिल र टिओवी अर्थात् तिब्बतियन ओरिजनल ब्लड आदिको यसमा प्रमुख भूमिका देखिइसकेको छ । अमेरिकाले नेपालमा एमसीसी लागू गरिसकेको छ। अब एसपीपी लागू गर्न चाहान्छ । जसको आधारमा यहाँ उसले आफ्नो सैनिक उपस्थिति गराउन खोजिरहेको छ । त्यसको लागि यता आफ्नै नेतृत्वमा सञ्चालित कठपुतली सरकार बनाउन चाहान्छ। त्यसैका लागि यो जेनजी आन्दोलन अनि त्यसको बलमा असंवैधानिक सरकार र त्यसैको नेतृत्वमा निर्वाचन अनि यही निर्वाचनको नाटकपछि आफ्नै कठपुतली सरकार। यस अर्थमा पनि यस प्रकारको निर्वाचनको विरोध गर्नु जो कुनै देशभक्त र जनवादी न्यायप्रेमी जनताको दायित्व हुन जान्छ।

एक त यो निर्वाचनमा त्यस्तो कुनै पनि देशभक्त-राष्ट्रवादी र जनपक्षीय कुनै पनि दल र दल नेताहरुले बहुमत त के सामान्य केही सिट पनि जित्ने सम्भावना नै देखिन्न । कुनै कारण जिते पनि उनीहरुको भूमिकमा नै रहन्न। हुने खाली राष्ट्रघाती निर्वाचनलाई वैधानिकता प्रदान गरिदिने अर्थात यसको साक्षी बसिदिने मात्र हो । सयौं बकुलाको बथानमा एक आध हाँसको रमिता र उपहास मात्र हो। अहिले नै त्यो निर्वाचनपछिको दृष्य परिदृष्य एकदमै उदेक कहाली लाग्दो र भयावह देखिन थालेको छ। जेनजीको नाममा राजनीतिको र नजानेका राष्ट्रियता र स्वाभिमान नै नबुझेका खाली यहाँ अमेरिकी बेलायत आदि अनि हङकङ, सिंगापुर, कोरिया आदि जस्तै हुनुपर्दछ भन्ने मात्र बुझेका खाली यस्ता यी पश्चिमा राष्ट्रहरुकै सपना मात्र देखेकाहरु नै यो देशका सांसद बन्ने अनि उनीहरुकै नेतृत्वमा सरकार बनेपछि त्यसबेला यो देशको भविष्य कस्तो होला ? यसको अहिलेको ज्वलन्त उदाहरण युक्रेन छ । युक्रेनी राष्ट्रपति जेलेनिस्कीकै कारण अहिले युक्रेन टुक्रिसकेको छ भने देशको साराका सारा बहुमूल्य खजिन सम्पदा अमेरिकाको पकडमा पुगिसकेको छ । अमेरिकी कठपुतली सरकार बन्ने तरखरमा छ।

त्यसैले यो वर्तमान सरकार र यसले आयोजना गरेको यो निर्वाचनको बहिष्कार यस अर्थमा पनि महत्वपूर्ण र ऐतिहासिक छ। यसबाट दुई अलग कित्ता अर्थात् चुनाव समर्थक कि बहिष्कारवादी अझ ठोसमा भन्दा राष्ट्रवादी, देशभक्त, जनवादी बन्ने कि राष्ट्रघाती निरंकुश दलाल बन्ने हो ? हो अहिले त्यति बहिष्कारवादी नहोलान तर यसले अघि सारेका विषय वस्तु र एजेण्डा दीर्घकालीन ऐतिहासिक महत्वका छन् । ढिलो चाडो एकपछि अर्को रुपमा यही एजेण्डा अर्थात् देशको राष्ट्रियता र स्वाभिमान अनि देशको सार्वभौमिकता र अस्तित्वका लागि आम देशका युवा जस्तो अहिले जेनजीको नाममा उदाय भए जस्तै देशभक्त र स्वाभिमान युवाहरु यही एजेण्डामा एकपछि अर्को रुपमा खडा भई देश र जनताको लागि मर्न र मार्न लामबद्ध हुनेछन् । जस्तो हिजो १० वर्षे माओवादी जनयुद्धमा देखिएको थियो।

जुनसुकै निर्वाचनको प्रश्न कार्यनैतिक नै हुन्छ । तर नेपाल जस्तो पिछडिएको सामन्ती, दलाल र नोकरशाही बुर्जुवा राज्यसत्ता भएका राष्ट्रहरुका लागि यो झन कार्य नैतिक मात्रै होइन रणनैतिक प्रश्न पनि हुँदै आएको छ । नेपालमा पनि यस्ता निर्वाचन २०४८ सालदेखि हुँदै आएका छन् । तर यी निर्वाचनहरुले देश र जनताको परिवर्तन खास तात्विक परिवर्तन हेरफेर हुन सकिरहेको छैन । अब झन हुने सम्भावना नै छैन।

त्यसैले यस्ता निर्वाचनको बहिष्कार देश र जनताको पक्षमा आमूल राज्यको परिवर्तन खातिर हुनु पर्दछ । माथि नै भनिसकियो निर्वाचनमा भाग लिने वा बहिष्कार गर्ने जनताको नैसर्गिक अधिकार हो। यसलाई जो कुनैले पनि बाधा, अडचन, विरोध केही गर्न पनि मिल्दैन । अहिले पनि देशका विभिन्न भागबाट जनताले यो निर्वाचनको विरोध गर्दै बहिष्कारमा उत्रिन थालेका छन् । स्वयं जेनजीका केही समूह दिनहुँ यसको विरुद्ध सडक प्रदर्शनमा आइसकेका छन् । जस्तै दुर्गाप्रसाईं समूह पनि यो निर्वाचन बहिष्कारमा पक्षमा उत्रिसकेको छ। पश्चिम दार्चुला र पूर्व विराटनगरमा जनताहरु पनि यो निर्वाचन बहिष्कार वा नो भोटको पक्षमा देखिन थालेका छन् । अन्त्यमा यो निर्वाचन बहिष्कार केवल केही व्यक्ति विशेष वा यथास्थिति अझ प्रतिगमनका लागि नभएर यो वर्तमान सामन्ती, दलाल र नोकरशाही राज्य व्यवस्थाको खारेजी र अन्त्य अनि देशको राष्ट्रियता, स्वाभिमानका साथै जनगणतन्त्र स्थापनाका लागि हुनु पर्दछ।

# सेयर बजार २७.१९ अंकले बढ्यो



काठमाडौँ । साताको अन्तिम कारोबार दिन बिहीबार धितोपत्र बजार (नेप्से) परिसूचकमा उत्साहजनक वृद्धि देखिएको छ । बिहीबार नेप्से परिसूचक २७.१९ अंक ले बढेर २७०८.७० को विन्दुमा पुगेर बन्द भएको थियो ।

बजारमा कारोबार रकमले पनि नयाँ उचाइ लिएको थियो । दिनभर कुल ३२६ कम्पनीका ३ करोड ५५ लाख ७४ हजार ६२७ कित्ता सेयर किनबेच हुँदा ११ अर्ब ५८ करोड २८ लाख ९३ हजार ८०० रुपैयाँ बराबरको कारोबार भएको छ।

बजारमा कुल २०१ कम्पनीको सेयर मूल्यमा वृद्धि भएको छ भने ५५ कम्पनीको मूल्य घटेको छ। ४ कम्पनीको मूल्य भने स्थिर रहेको छ।

पाँचवटा कम्पनीको सेयर मूल्यमा उच्च गिरावट देखिएको छ । कालिञ्चोक दर्शन लिमिटेड, सुपर माई हाइड्रोपावर र मोदी इनर्जीको मूल्य ठ्याक्कै १० प्रतिशतले बढेको छ। त्यस्तै, रिडी पावरको ९.९७ प्रतिशत र खानिखोला हाइड्रोपावरको ९.९६ प्रतिशतले मूल्य बढेको छ।

कारोबार रकमका आधारमा युनियन हाइड्रोपावर लिमिटेड शीर्ष स्थानमा रह्यो । यस कम्पनीको ५८ करोड ७७ लाख रुपैयाँ बराबरको सेयर किनबेच भयो। त्यसैगरी राधी विद्युत् कम्पनीको ५७ करोड ५० लाख, एसवाई प्यानलको ५३ करोड ७४ लाख, आँखुखोला जलविद्युत्को ४० करोड ५५ लाख र एनआरएन इन्फ्रास्ट्रक्चर को ३८ करोड ६८ लाख रुपैयाँको कारोबार भएको छ।

कारोबारपछि कुल बजार पुँजीकरण ४५ खर्ब ४७ अर्ब ९७ करोड रुपैयाँ पुगेको छ भने फ्लोट मार्केट क्यापिटलाइजेशन १५ खर्ब ४८ अर्ब २२ करोड रुपैयाँ रहेको छ।

# ३ हजार ७ सय ५५ जना किशोरीलाई एचपीभी खोप लगाइने



गौरीशंकर जयसवाल
*परासी*

राष्ट्रिय खोप कार्यक्रमअन्तर्गत नवलपरासी जिल्लामा एचपीभी खोप अभियान सञ्चालन हुने भएको छ। माघ २५ गतेदेखि २८ गतेसम्म नियमित खोपअन्तर्गत एचपीभी खोप जिल्लामा सञ्चालन हुन लागेको हो। विद्यालय केन्द्रीय नियमित एचपीभी खोपसम्बन्धी जिल्ला खोप समन्वय समिति तथा सञ्चारकर्मी अन्तरक्रिया कार्यक्रम जानकारी दिइएको थियो।

कक्षा ६ अध्ययनरत किशोरीहरूलाई लक्षित गरी खोप अभियान सञ्चालन गरिने लागिएको स्वास्थ्य कार्यालय बरिस्ठ खोप अधिकृत भेषराज शर्माले बताए।

उनको अनुसार जिल्लामा ३ हजार ७ सय ५५ जना किशोरीलाई एचपीभी खोप लगाइने जानकारी दिए। जिल्लाका समुदायिक र संस्थागत गरी २०४ वटा विद्यालयमा स्थापना गरिएका जसमा दुई वटा बाहिर खोप केन्द्रमार्फत् खोप सेवा प्रदान गरिनेछ।

विद्यालय बाहिर रहेका २०० जना किशोरीहरू रहेको स्वास्थ्य जनाएको छ । विद्यालय बाहिर रहेका सोही उमेर समूहका किशोरीहरूलाई समेत खोपको पहुँचमा ल्याइने स्वास्थ्य कार्यालयका प्रमुख अगदबहादुर शाहीले बताए।

किशोरीहरूको पाठेघरको मुखको क्यान्सर रोकथामका लागि एचपीभी खोप अत्यन्त प्रभावकारी भएकाले यस अभियानलाई विशेष प्राथमिकता दिइएको स्वास्थ्य कार्यालयले जनाएको छ। प्रत्येक दिन पाठेघर मुख क्यान्सरबाट मुत्यु हुने गरेको स्वास्थ्य कार्यालय परासीका वरिस्ठ खोप अधिकृत भेषराज शर्माले जानकारी दिए। उनको अनुसार भने हरेक वर्ष १ हजार ३ सय ९३ जना महिलाहरुको पाठेघरको मुखको क्यान्सरबाट मृत्यु हुने गरेको बताए। जिल्ला खोप समन्वय समिति एवम् जिल्ला समन्वय समिति प्रमुख भगौती यादवले, प्रमुख जिल्ला अधिकारी दिपकराज नेपाललगायतले सबै आफ्नो क्षेत्रबाट लागि खोप अभियानमालाई सफल बनाउने भन्दै खोपबाट वञ्चित नहुने बताए।


पर्यटन डिभिजन कार्यालय, रूपन्देही

**दोस्रो पटक शिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धी सूचना**

मिति :२०८२।१०।२३

यस कार्यालयको मितिः २०८२।१०।२३गते आह्वान गरिएको शिलबन्दी दरभाउपत्रको सूचनासम्बन्धी सम्पूर्ण विवरण कार्यालयको वेभसाईट www.tourismrupandehi.lumbini.gov.np/ सार्वजनिक खरिद अनुगमन कार्यालयको बेभसाइट www.bolpatra.gov.np/egp मा राखिएकोले सोही बमोजिम खरिद कार्यमा सहभागी हुन अनुरोध छ।

- **धरौटी खाता नं.** ३१२०१००२०२०३००००
- कार्यालय कोड नं.३०७०५४८०१५
- राजश्व शिर्षक नं.१४२२९

नि.कार्यालय प्रमुख

**रास्वपाको...**

कुँवरले लम्सालसँग भेटेपछि माघ १४ गते मिलेर जाने सहमति गरेको कुरा सामाजिक सञ्जालमार्फत् जनाएका थिए। सहमतिपश्चात् आफ्नो उम्मेदवारी कायम रहे पनि उनले रास्वपाको आधिकारिक उम्मेदवारलाई सघाउने गरी पार्टी काममा फर्किएका थिए।

रास्वपाले आफू जस्तै विदेशमा रहेका धेरै नेपालीको भावनामा खेलवाड गरेको र विदेशमा सेटल भएर बसेका नेपालीलाई धोका दिएर बिगारेको कुँवरको आरोप छ। उनले अब आफू रवि लामिछाने वा अरू कसैले भने पनि रास्वपामा नफर्किने बताए।

रूपन्देही १ बाट कुँवरसहित ६ जना सिफारिस भएकामा क्षेत्रीय सभापति मोहनविक्रम जीसीले आफूलाई समर्थन गरेर उम्मेदवारी फिर्ता लिएका कुँवरले बताए। तर प्राइमरी इलेक्सन नगरी पार्टीले बालेन्द्र शाहका पूर्व सल्लाहकार लम्साललाई उम्मेदवार बनाएपछि कुँवर असन्तुष्ट थिए।

आफू अमेरिका रहँदा हरेक महिना पार्टीलाई आर्थिक सहयोग गर्दै आएको उल्लेख गर्दै राजनीति शास्त्रबाट पब्लिक लिडरसिपमा पीएचडी गरेका उनले अमेरिकाबाट आफ्नो कमिटीमा रहेका १०० जनाले १०० डलरका दरले करिब १५ लाख रुपैयाँका दरले हरेक महिना सहयोग पठाउने गरेको दाबी गरे।

'हामीले गाँस काटेर पार्टीलाई पैसा पठाइयो, समय दिइयो, तर नवप्रवेशीहरूले त्यसको मूल्य बुझ्नेनन्,' आक्रोश पोख्दै उनले भने-'म यहाँ अहिलेका उम्मेदवारलाई जिताउनको लागि आर्थिक, भौतिक सबै सहयोग गर्न तयार भएँ, तर उनीहरूले त्यो चाहेनन्। चुनावमा आर्थिक संकलन गरौं भन्दा पैसा जति पनि छ, चिन्ता नगर्नु भनेर स्वयम् उम्मेदवारले भन्नु भयो। मेरो प्रश्न छ, जति पनि पैसा छ भने त्यसको स्रोत के हो ? कहाँबाट, कसले, किन दिएको छ पैसा ? त्यो हामीलाई थाहा हुनुपर्दैन ? मलाई उहाँहरूको राष्ट्रियता र राष्ट्रप्रेममै शंका लाग्यो र पार्टी छोड्ने निर्णय गरें।'

आफ्नो निर्णय अन्तिम रहेको बताउँदै कुँवरले आफू पार्टी सभापति रवि लामिछानेलाई हेरेर पार्टीमा लागेको उल्लेख गरे। अब रास्वपामा कुनै हालतमा नफर्किने बताएका उनले पार्टी सभापति लामिछाने स्वयम्ले फोन गरे पनि पार्टीमा नफर्किने दोहोऱ्याए।

रास्वपा रूपन्देही १ का उम्मेदवार सुनिल लम्सालका स्वकिय सचिव नारायण अर्यालले कुँवरले प्रलोपाबाट उम्मेदवारी दिएपछि पार्टीको अनुशासन आयोगले उनलाई पार्टीबाट निश्कासन गरेको थाहा भएको, तर लम्सालसँग भएका भनिएका सहमति र पालना नभएका विषयमा आफूलाई थाहा नभएको बताए। तर पार्टीले कुँवरलाई पार्टीबाट निश्कासन गरेको विषय कुँवरले पार्टी छाडेको समाचार बाहिर आएपछि मात्र सार्वजनिक भएको हो। उक्त कारबाही पार्टीले गुपचुप राखेको थियो।

बुधबार मात्रै रास्वपाका नेता प्रणयशमशेर राणाले पनि पार्टीले प्रारम्भिक निर्वाचनको नाममा आर्थिक अपारदर्शी काम गरेको बताएका थिए।

रास्वपाबाट काठमाडौं-५ मा अघिल्लोपटक उम्मेदवार बनेका र यसपटक पनि छनोट प्रक्रियामा सहभागी राणाले प्रारम्भिक मतदानको विधि अनुसार उम्मेदवार छनोट नभएको हुँदा शुल्क फिर्ता गर्न माग गरेका थिए।

पार्टीले प्रारम्भिक मतदानको विधि लत्याएको उल्लेख गर्दै भिडियोमार्फत् राणाले आपत्ति जनाएका थिए। रास्वपाले प्रत्यक्षतर्फ उम्मेदवार हुन इच्छुकका लागि प्रतिव्यक्ति २५ हजार र समानुपातिकमा समावेश गर्ने भन्दै ५० हजार रुपैयाँ शुल्क लिने गरेको छ।

पार्टीको प्रारम्भिक निर्वाचनको परिणामबारे रूपन्देही ३ को उप-निर्वाचनका बेला पनि असन्तुष्टी बाहिरिएको थियो। प्रारम्भिक निर्वाचन भनेपछि भोटिङलाई मात्र अन्तिम आधार बनाउनुपर्नेमा अरू विषयमा पनि अंक बाँडेर पार्टीले अदृश्य र अपरादर्शी ढंगबाट उम्मेदवारका आकांक्षीमध्ये बढी पैसा खर्च गर्न सक्नेलाई टिकट दिने रणनीति अपनाएको पार्टी भित्रैबाट गुनासो आएको थियो।

## +२ को माइग्रेशन हराएको सूचना

मेरो निम्न विवरण भएको +२ को माइग्रेशन २०८२।०८।२५ गते गुल्मीदेखि बुटवाल आउने क्रममा हराएको हुँदा फेला पार्नु हुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्कमा गरिदिनु हुन बिनम्र अनुरोध छ।

**नामः** :नेत्र प्रसाद गौतम
**ठेगानाः** : रुरुक्षेत्र-४, गुल्मी
**सिम्बोल नं.:** : २४६०००६७
**रजिष्ट्रेशन नं.** : ८१५४६००२००३३
**मोबाईल नंः** : ९७६६८१३८२५

## लायन डिष्ट्रिलरी प्रा.लि.

### सुनवल न.पा. २, नवलपरासी

### मूल्य सूची सम्बन्धी सूचना

यस उद्योगबाट उत्पादित निम्न ब्रान्डका मदिराहरु नेपाल अधिराज्यभित्र विक्री वितरण गर्न आ.ब.०८२/०८३ को लागि मिति २०८२/१०/२३ गतेदेखि लागू हुने गरी निम्न बमोजिमको मूल्य कायम गरिएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| ब्राण्डको नाम | यू. पि. | एम. एल | डिलर मूल्य मु.अ.क.समेत प्रति कार्टून | डिलर कमिसन मु.अ.क.समेत प्रति कार्टून | होलसेल मूल्य मु.अ.क.समेत प्रति कार्टून | होलसेल कमिशन मु.अ.क.समेत प्रति कार्टून | रिटेल मूल्य मु.अ.क.समेत प्रति कार्टून | रिटेल कमिशन मु.अ.क.समेत प्रति कार्टून | उपभोक्ता मूल्य | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | प्रति कार्टून | प्रति बोत्तल |
| LION GOLD | ७० | ३०० | १२७५.७७ | २८.२५ | १३०४.०२ | २८.२५ | १३३२.२७ | ५८७.७३ | १९२०.०० | ६४.०० |

नोट : उल्लेखित मूल्यमा अन्तःशुल्क,मू.अ.कर,समावेश गरिएको छ ।

## नेपाल सरकार
### भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
### सडक विभाग
### हेभी ईक्वीपमेण्ट डिभिजन, बुटवल, रुपन्देही, नेपाल

## स्पेयर पार्टस् र टायर खरिद सम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

( प्रथम पटक प्रकाशित मितिः२०८२।१०।२३ गते)

१. यस डिभिजनलाई आवश्यक पर्ने BOQ मा उल्लेखित बमोजिमका स्पेयर पार्टस र टायर सप्लाई गर्न योग्य तथा ईच्छुक फर्महरुले देहाय बमोजिमका शर्तहरुको अधिनमा रहि रितपूर्वकको सिलवन्दी दरभाउपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

२. सूचना प्रकाशित भएको मितिदेखी १५ औं दिनको कार्यालय समयभित्र दरभाउपत्रदाताले अध्यावधिक गरेको फर्म, कम्पनी वा संस्था दर्ताको प्रमाणपत्र, व्यवसाय दर्ताको ईजाजतपत्र, मूल्य अभिवृध्दि कर (VAT) मा दर्ताको प्रमाणपत्र, स्थायी लेखा नम्बर (PAN) को प्रमाणपत्र, आ. व. २०८१।०८२सम्मको कर चुक्ता गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु साथै दरभाउपत्र खरिद गर्न लाग्ने राजस्व दस्तुर वापतको सक्कलै बैंक भौचर निवेदन साथ पेश गरि नियमानुसार लाग्ने राजस्व राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, बुटवल शाखामा रहेको राजस्व खाता नं.,१०००१००२०००१०००० राजस्व शिर्षक नं। १४२२९ यस कार्यालयको कार्यालय कोड ३३७०१४८०६ मा दस्तुर (फिर्ता नहुने) बुझाई दरभाउपत्र फारम यस कार्यालयबाट उपलब्ध गराईने छ।

३. खरिद गरिएका दरभाउपत्र फारमहरुको महलहरु दरभाउपत्रदाताले स्पष्ट रुपमा भरी प्रत्येक पानामा सहीछाप गरि सूचना प्रकाशित भएको मितिदेखी १६ औं दिनको १२:०० बजेभित्र यस कार्यालयमा उपस्थित भई दरभाउपत्र दर्ता गरिसक्नु पर्नेछ।

**अन्य थप केही कुरा बुझ्नु परेमा यस कार्यालयमा कार्यालय समयभित्र सम्पर्क गर्न सकिने छ।**

| ठेक्का नं. | विवरण | आवश्यक संख्या | दरभाउपत्र फारम दस्तुर रु. | जमानत रकम | कैफियत |
|---|---|---|---|---|---|
| HEDBTL/SQ/GOODS/01/2082-083 | Tyre for diff. pickup | As Specified in BOQ | 1,000.00 | 28000.00 | बिस्तृत बिबरण दरभाउ पुस्तिकामा उल्लेख छ। |
| HED/BTL/SQ / GOODS/02/2082-083 | Spare parts For Isuzu pickup | As Specified in BOQ | 1,000.00 | 50000.00 | बिस्तृत बिबरण दरभाउ पुस्तिकामा उल्लेख छ। |

## Bardaghat Municipality
### Office of the Municipal Executive
### Bardaghat, Nawalparasi (Ba. Su. West), Lumbini Province, Nepal

## INVITATION FOR Re-BIDS (E-BIDDING ONLY)

Publication Date: 2026/02/06

1. Bardaghat Municipality, Office of the Municipal Executive invites electronic bids from eligible bidders for the following work.

| S. N. | Contract No. | Description of works | Bid validity period / Bid security validity | Estimated Amount Without VAT & Contingencies | Bid Security Amount | Bid Document Fee |
|---|---|---|---|---|---|---|
| 1 | BAR/NCB/Works/19/082/083 (2nd notice) | Road Upgrading works connecting Potaha to the western side of the Bardaghat Municipality (wards No. 14 and 15) via Annapurna Irrigation Boring up to the Chaupatta Livestock Market-Triveni Connecting Road | 90/120 days | 2,145,533.33 | 54,000 | 3,000 |

| | |
|---|---|
| **Account No. for bid document purchase fee:**<br>Name of Bank: NIC ASIA Bank Ltd., Bardaghat, Nawalparasi<br>Name of Office: Bardaghat Municipality, Bardaghat<br>Account Number (AntarikRajaswo): 0832050028211002 | **Account No. for bid security deposit:**<br>Name of Bank: NIC ASIA Bank Ltd., Bardaghat, Nawalparasi<br>Name of Office: Bardaghat Municipality, Bardaghat<br>AccountNumber(DharautiKhata):8341498482524004 |
| **Deadline of bid submission**<br>2026/02/22till 12:00 Noon (NCB) | **Date and time of bid opening**<br>2026/02/22 at 1:00 PM(NCB) |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Bardaghat Municipality, Bardaghat, Nawalparasi, Website: www.bardaghatmun.gov.np, PPMO website: www.bolpatra.gov.np/egp Email Id: bardaghatmunicipality@gmail.com , Tel: 078-580210, 078-580407.

**Chief Administrative Officer**

## Purbakhola Rural Municipality
### Office of The Rural Municipal Executive
### Purbakhola , Palpa, Lumbini Province, Nepal

## Invitation For Bids

**Notice no:- 29-082/83**

Second Date of Publication:-2082/10/23 BS, 2026-02-06 AD

Purbakhola Rural Municipality,Office Of the Rural Municipal Executive invites bid for the eligible bidders for the following works.

| S. N. | Contract Identification Number | Description of Works | Estimated Amount Without VAT | Bid Validity Period | Bid Document Fee |
|---|---|---|---|---|---|
| 1 | RE/IRR/PRM/SQ-29-2082-83 | Collection and Excavation of Sand, Stone and gravel of Purbakhola Khola at Purbakhola- 3 Rigneraha and Purbakhola- 1 Siluwa Palpa | 996272.19 | 75 days | 1000 |

Further information to Bidders:-

| Location | Time of Bid Purchase | Time of Bid Submission | Time of Bid Opening |
|---|---|---|---|
| Purbakhola Rural Municipality Office Purbakhola Palpa | 2082/10/29<br>2026/02/12<br>5:00 PM | 2082/11/01<br>2026/02/13<br>12PM | 2082/11/01<br>2026/02/13<br>2 PM |
| Account Number for bid document Purchase | Name of the Bank:-Global IME Bank Ltd., Purbakhola Palpa Branch Account no:- 14604010000009 | | |
| Account Number for bid security deposit | Name of Bank : Global IME Bank Ltd .Purbakhola Palpa Branch Account No: :-1460401000004 | | |

1. Bidder can get bid documents at Purbakhola Rural Municipality and should submit their bid hard copy at Purbakhola Rural Municipality Office within time as specified above .
2. If the last date of purchasing, submission and opening falls on a government holiday then next working day shall be considered as the last day.
3. Other mandatory information as per PPA and PPR.
4. After the completion of bid evaluation the letter of intent will be published on office website (www.purbakholamun.gov.np)

5 Bidder should submit 5% of coated price (including vat) as Bid security Amount.

## Gulmidarbar Rural Municipality
### Office of The Rural Municipal Executive
### Gaundakot, Gulmi
### Lumbini Province, Nepal

## INVITATION FOR ONLINE BIDS

Date of Publication: 6th February, 2026 (23rdMagh, 2082)

1. Gulmidarbar Rural Municipality, Office of the Rural Municipal Executive, Gaundakot, Gulmi invites electronics bids from eligible bidders for the Procurement of contracts mentioned below.

| Contract ID | Name of Project | Estimated Amount (with VAT & PS) | Bid Document Fee (NRs.) | Bid Security (NRs.) | Bid Opening Date | Remarks |
|---|---|---|---|---|---|---|
| GDRM/LISP/NCB/W-24/2082-083 | Upgrading of Magrung Daudal Bandrakhutta Rumpokhara Road, Gulmidarbar-03 & 04 | 29,93,367.48 | 3,000 | 75,000 | 12th-March, 2026 | |
| GDRM/LISP/NCB/W-25/2082-083 | Upgrading of Gandaki Dobata Gaunchaur Chiniyapokhari Rangbas Road, Gulmidarbar-05& 06 | 55,43,464.73 | 3,000 | 1,35,000 | 12th March, 2026 | |

2. Bidders can get further information from Office of Gulmidarbar Rural Municipality, Gaudakot-03, Gulmi. (Phone No.9857067912, 9857085214 Website: www.gulmidarbarmun.gov.np) during office hours or visit PPMO's website: www.bolpatra.gov.np/egp.
3. Any amendment in the Notice will be published in the notice board at Office or visit PPMO's website: www.bolpatra.gov.np/egp.The Employer/Purchaser reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

**Chief Administrative Officer**

## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फ्ल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।

सम्पर्कः

**तिनाउ सेनेटरी**

बुटवल-१०, सुखखानगर, रूपन्देही,

**फोनः ९८५७०५८८१३,९८०७१८०८१३**

## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी

**विशाल सेनेटरी**

बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईंको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः

**सीताराम सफा सेनेटरी**

भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

# उद्योग व्यापार संघ बुटवलद्वारा कार्ययोजना पारित




एक हजार नयाँ बनाउने, २०८३ पुसमा बुटवल मण्डपमा पाचौं राष्ट्रिय औद्योगिक प्रदर्शनी तथा व्यापार मेला आयोजना, १५ वटा वस्तुगत समिति गठन लगायत मुख्य योजना पारित भएका छन् ।

बुटवल । उद्योग व्यापार संघ बुटवलले वार्षिक कार्ययोजना कार्यशालामार्फत् विभिन्न योजनाहरू पारित गरेको छ ।

चितवनको सौराहामा सम्पन्न कार्यशालाले आगामी दुई वर्षदेखि दश वर्षसम्म गर्न सकिने योजनाहरू छनोट गरी पारित गरेको हो । जसअनुसार स्वाधिन अर्थतन्त्रको लागि राष्ट्रिय औद्योगिकरण तथा व्यापार विविधिकरण भन्ने मुल नारालाई आत्मसाथ गर्दै सदस्यता विस्तार, २०८३ पुसमा बुटवल मण्डपमा पाँचौं राष्ट्रिय औद्योगिक प्रदर्शनी तथा ब्यापार मेला आयोजना, संस्थागत सुदृढीकरण,उद्योगी व्यावसायीहरूको क्षमता विकास, अवलोकन भ्रमण, नीति संवाद, १५ वटा वस्तुगत समिति गठन, आर्थिक पत्रकारिता पुरस्कारलाई निरन्तरतालगायत योजना पारित भएका छन् ।

कार्यशालाले आगामी एक वर्षभित्र एक हजार जना नयाँ सदस्यलाई संघमा आबद्ध गराउने, आजीवन सदस्यता बिस्तारमा सयजना थप गर्ने, मानार्थ सदस्यमा २० जना थप गर्ने र निष्क्रिय तथा पुराना सदस्यलाई सक्रिय बनाउन विशेष अभियान सञ्चालन गरिने भएको छ ।

यस्तै संघको भवन निर्माण, नयाँ प्रविधि तथा व्यवस्थापन अध्ययन, औद्योगिक/व्यावसायिक सीप विकास सम्वन्धी तालिम, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रदर्शनी सहभागिता तथा अवलोकन, राजनैतिक दलहरूसँग भेटघाट, सरकारी, गैरसरकारी निकायहरूसँग भेटघाट तथा समन्वय गर्ने योजना पारित भएको छ ।

यस्तै संस्थागत क्रियाकलापमा सीप विकास तथा उद्यमशील तालिम/अभिमुखीकरण तालिम, भन्सार एकरूपताका तथा भन्सार नियमावली, आयात निर्यात, खुल्ला सिमानासम्बन्धी अन्तरक्रिया/गोष्ठी, लेखा, कर राजस्व र भन्सार सम्बन्धी प्रशिक्षण तालिम, स्वदेशी उत्पादनलाई प्रोत्साहन र प्रयोग प्रवर्द्धनसम्बन्धी अन्तरक्रिया गर्ने योजना पारित भएका छन् । यस्तै दिर्घकालिन योजनाअन्तर्गत उद्योग व्यापार संघ बुटवलको राहत कोष स्थापना/ कल्याणकारी कोष स्थापना, सचिवालय भवन निर्माण, मानार्थ सदस्यता प्रदान, आर्थिक पत्रकारिता पुरस्कारलाई निरन्तरता र सामूहिक लगानीको अवधारणा कार्यान्वयन गर्ने योजना पनि पारित भएका छन् ।

यस्तै सरकारी तथा गैरसरकारी निकायबाट सहयोग तथा राहत अनुदानको लागि पहल, घर भाडा समस्या समाधानमा पहल, बस्तुगत समितिका समस्या पहिचान गरि समाधानमुलक कार्यक्रम, स्थानीय सरकारसँग समन्वय तथा बिभिन्न व्यवसायिक कार्यक्रममा सहभागिता, अनुदानमा आधारित कार्यक्रमहरू, आन्तरिक राजश्व कार्यालयसँग समन्वय तथा कर दिवस कार्यक्रम, व्यवसायमैत्री हेल्थडेक्सको सुरुवात गर्ने योजना कार्यशालाले पारित गरेको महासचिव विजय आचार्यले जानकारी दिए ।

सामाजिक उत्तरदायित्वअन्तर्गत समाजसँग संस्थाको सहकार्य संस्थाप्रति समाजको सकरात्मक छवि निर्माणलाई प्राथमिकता दिएर धरासायी तथा समस्याग्रस्त व्यवसायीको परिवारलाई सहयोग, वृक्षारोपण तथा संरक्षण, रक्तदान, प्राकृतिक दैवी प्रकोपबाट प्रभावितहरूलाई सहयोग, साँस्कृतिक सम्पदा संरक्षण, बौद्धिक अपाङ्गता भएका बालबालिकालाई सहयोग गर्ने योजना पनि पारित भएका छन् ।

कार्यशालाले अध्ययन अवलोकन संयोजकमा उद्योग उपाध्यक्ष केशव श्रीस, अनुगमन संयोजकमा निवर्तमान अध्यक्ष विष्णुप्रसाद पाण्डे, सरकारी तथा गैर सरकारी संघसंस्था समन्वय संयोजकमा वरिष्ठ उपाध्यक्ष पदम जि.सी, सदस्यता बिस्तार तथा नवीकरणमा पदम जि.सी, केशव श्रीस,यमलाल मरासिनी, माया पाण्डे रहेको टिम बनाउने योजना पारित गरेको छ ।

सचिवालय एवम् प्रशासनिक संयोजकमा महासचिव विजय आचार्य, आर्थिक उन्नतिको योजनासहित कोष लेखाको व्यवस्थापन संयोजकमा कोषाध्यक्ष दिलिप शर्मा, अभिलेखिकरण अन्तरक्रिया तथा महासचिव सहयोगी भूमिकामा सौरभ भुसाल, वस्तुगत उप-समिति गठन र परिचालन संयोजकहरूमा होटल तथा रेष्टुरेण्टमा वाणिज्य उपााध्यक्ष यमलाल मरासिनी, औषधी सर्जीकलमा नारायणप्रसाद पाण्डे, भविश्वर ढकाल, सुशीला खनाल, कस्मेटिक तथा ब्युटिपार्लर र महिला उद्यमीमा माया पाण्डे, अटो इञ्जिनियरिङ्गमा पदम जिसी, खुद्रा किरानामा कृष्णप्रसाद भुसाल, कपडा, फेन्सी, व्याग तथा तयारी पोशाकमा बिनोद आचार्य, सुनचाँदीमा विनोद खाती, शैक्षिक परामर्श, स्वदेशी तथा वैदेशिक रोजगार परामर्शमा दिलिप शर्मा र तिलक राम पाण्डे, निर्माण सामग्री तथा रङरोगनमा विशाल पन्थी, प्रशान्त बन्जाडे, नर्सरी तथा पोल्टी फर्ममा प्रकाश भण्डारी, उद्योग तथा गार्मेन्टमा केशव श्रीस, जुत्ता चप्पल तथा व्यागमा न्याजुद्धिन मियाँलाई जिम्मेवारी दिने कार्यशाला बैठकले निर्णय गरेको छ ।

यस्तै वृक्षारोपण तथा संरक्षणमा लक्ष्मण ज्ञवाली, रक्तदानमा केशव पौडेल, भित्तेपात्रो प्रकाशनमा विनोद आचार्य, वार्षिक बुलेटिन प्रकाशनमा विजय आचार्य, स्थापना दिवसमा दिलिप शर्मा, मुख स्वास्थ्यसम्बन्धी कार्यक्रममा ज्योति सापकोटालाई संयोजकको जिम्मेवारी दिइएको छ ।

कार्यशालामा संघका अध्यक्ष लोकनाथ पन्थीले सदस्यता विस्तार र २०८३ को बुटवल मण्डपमा आयोजना हुने पाँचौं औद्योगिक प्रदर्शनी तथा ब्यापार मेला संघको तत्कालीन पहिलो प्राथमिकता भएकाले त्यसमा केन्द्रित हुँदै अन्य योजनालाई पनि सफल बनाउने बताए ।

संस्थापक अध्यक्ष खिमनारायण पराजुलीले उद्घोषण कला तथा व्यक्तित्व र नेतृत्व क्षमता विस्तारबारे प्रशिक्षणमूलक भनाइ राखेका थिए । कार्यशालामा नेपाल जेसीसका पूर्व केन्द्रीय उपाध्यक्ष शिवप्रसाद भुसाल, सल्लाहकार बाबुराम पोख्रेल, सल्लाहकार पुष्पराज ढकाल, कानुनी सल्लाहकार दामोदर घिमिरे, निवर्तमान अध्यक्ष विष्णुप्रसाद पाण्डेले आ-आफ्नो भनाइ राखेका थिए । कार्यशालामा कार्यक्रम संयोजक एवं संघका वरिष्ठ उपाध्यक्ष पदम जि.सी, उद्योग उपाध्यक्ष केशव श्रीस, महासचिव विजय आचार्य, कोषाध्यक्ष दिलिप शर्माले आ-आफ्नो जिम्मेवारीका विषयमा प्रस्तुतिकरण दिएका थिए भने समूहगत प्रस्तुतितर्फ ग्रुप एबाट कृष्ण भुसाल, बीबाट विशाल पन्थी र सीबाट तिलकराम पाण्डेले प्रस्तुतिकरण दिएका थिए ।

# बुटवलमा आइकार भी २३ को बिक्री सुरु



बुटवल । बुटवलका लागि आइकार गाडीको आधिकारिक बिक्रेता सिद्धि विनायक मोटर्स प्रालिले बहुप्रतिक्षित आइकार भी २३ लाइफस्टाइल इलेक्ट्रिक एसयूभीलाई औपचारिक रूपमा बुटवलमा सार्वजनिक गरेको छ ।

बुटवलस्थित ओमोडा एन्ड जेको शोरूममा आयोजित विशेष समारोहबिच गाडीको अनावरण गरिएको हो । त्यस अवसरमा सञ्चारकर्मी, ग्राहक, गाडीप्रेमी तथा एसपीजी अटोमोबाइल्स प्रालिका उच्च तहका पदाधिकारीहरूको उपस्थिति रहेको थियो ।

कार्यक्रमलाई सम्बोधन गर्दै कम्पनीका कार्यकारी निर्देशक सुरज क्षेत्रीले आइकार भी २३ नेपाली बजारका लागि फरक अनुभव दिने विद्युतीय एसयूभी भएको बताए ।

“आइकार भी २३ केवल सवारीसाधन मात्र होइन, यो आधुनिक जीवनशैली, प्रविधि र वातावरणीय जिम्मेवारीको संयोजन हो,” उनले भने-“लुम्बिनी प्रदेश हुँदै नेपालभर उच्च प्रदर्शन र स्टाइलयुक्त इलेक्ट्रिक एसयूभीको मागलाई सम्बोधन गर्न यो मोडेल महत्वपूर्ण हुने विश्वास लिएका छौं ।”

यसैगरी क्षेत्रीय बजार प्रबन्धक विशेष दाहालले नेपाली उपभोक्तामा बढ्दो विद्युतीय सवारीप्रतिको आकर्षणलाई आइकार भी २३ ले अझ सशक्त बनाउने उल्लेख गरे । “रगेड डिजाइन, बलियो संरचना र अत्याधुनिक प्रविधिको संयोजनले आइकार भी २३ लाई आफ्नो सेगमेन्टमा फरक बनाएको छ,” उनले भने-“नेपालजस्तो भौगोलिक विविधता भएको मुलुकमा यो गाडी उपयुक्त विकल्प बन्नेछ ।”

ओमोडा एन्ड जेको तथा आइकार दुवै चिनियाँ अटोमोबाइल निर्माता चेरी ग्रुपअन्तर्गतका ब्रान्ड हुन् । चेरी ग्रुपले विगत दुई दशकदेखि चीनको सबैभन्दा ठूलो अटोमोबाइल निर्यातकर्ताको रूपमा आफ्नो पहिचान कायम राख्दै आएको छ । हाल चेरीले विश्वका ८० भन्दा बढी देश तथा क्षेत्रमा निर्यात गर्दै १ करोड ३० लाखभन्दा बढी सवारीसाधन वितरण गरिसकेको छ ।

आइकार भी २३ मा १०० किलोवाट क्षमताको सिंगल मोटर जडान गरिएको छ, जसले १८० एनएम टर्क उत्पादन गर्छ । यसमा ५९.९३ किलोवाट आवरको ब्याट्री प्याक रहेको छ । गाडीको लम्बाइ ४ हजार २२० एमएम, चौडाइ १ हजार ९१५ एमएम, उचाइ १ हजार ८४५ एमएम र ह्वीलबेस २ हजार ७३५ एमएम रहेको छ, जसले सन्तुलित स्टेन्स र फराकिलो बनावट सुनिश्चित गर्दछ । यसले एकपटकको फूल चार्जमा ४०१ किलोमिटर रेन्ज दिने दाबी गरिएको छ ।

गाडीको क्याबिन आराम र व्यावहारिकतामा केन्द्रित रहेको छ । अगाडिको प्रशस्त स्पेस र पछाडिको फराकिलो सिटिङले यात्रालाई सहज बनाउँछ । भित्री भागमा प्रयोग गरिएका विशेष ‘मेकानिकल नब’हरूले रेट्रो क्लासिक शैलीलाई आधुनिक टच दिएका छन् ।

प्रालिका प्रवन्धक राजीव खनालका अनुसार सुरक्षालाई उच्च प्राथमिकता दिँदै आइकार भी २३ को निर्माण गरिएको हो ।

“यसको ७० प्रतिशतभन्दा बढी संरचना हाइ-स्ट्रेन्थ स्टिलबाट बनेको छ,” उनले भने-“इन्टरप्राइज-ग्रेड ब्याट्री सेफ्टी मापदण्डले गाडीलाई थप सुरक्षित र टिकाउ बनाएको छ ।”

आइकार भी २३ ६ वटा फरक कलर अप्सनमा उपलब्ध हुने र यसको मूल्य ४९ लाख ९९ हजार रुपैयाँ रहेको छ । प्रिमियम लाइफस्टाइल सेगमेन्टलाई लक्षित यो मोडेलको डेलिभरी प्रि-बुकिङ गरेका ग्राहकहरूका लागि एसपीजी अटोमोबाइल्सको नेपालभरको आधिकारिक डिलर नेटवर्कमार्फत् तत्काल सुरु गरिने कम्पनीले जनाएको छ ।

## पीएम कप क्रिकेट प्रतिगोगिताः

# रूपन्देही फाइनलमा

भैरहवा । रुपन्देही र पश्चिम नवलपरासी रुपन्देहीमा जारी प्रधानमन्त्री कप एक्स्ट्रिम इनर्जी ड्रिंक लुम्बिनी प्रदेशस्तरीय पुरुष एक दिवसीय क्रिकेट छनोट प्रतियोगितामा विजयी भएका छन् । बिहीबारको जितसँगै रुपन्देही भने फाइनल प्रवेश गरेको छ ।

लुम्बिनी प्रदेश क्रिकेट संघको आयोजनामा जारी प्रतियोगितामा भैरहवास्थित सिद्धार्थ क्रिकेट मैदानमा भएको खेलमा रुपन्देहीले दाङलाई १ सय २ रन र तिलोत्तमाको एक्स्ट्राटेक ओभलमा भएको अर्को खेलमा नवलपरासीले पाल्पालाई १ सय ५ रनले हराउँदै जित निकालेका हुन् ।

बिहीबार सिद्धार्थ क्रिकेट मैदानमा टस जितेर ब्याटिङमा आएको रुपन्देहीले मौसमका कारण २७ ओभरमा झारिएको खेलमा ७ विकेट गुमाएर १ सय ९१ रनको बलियो योगफल बनायो । उसका लागि आकाश त्रिपनठीले ४३, दीपेश रोक्काले ४०, देव खनालले ३३, कृष्ण कार्कीले २८ र सन्तोष यादवले १८ रन जोडे । बलिङमा दाङका वीरबहादुर घर्ती, दिनेश बोहरा र किसान भारतीले २-२ तथा शुभम खनालले १ विकेट लिए ।

जवाफी ब्याटिङ गरेको दाङ २४ ओभर २ बलमा अलआउट हुँदै ८९ रनमै समेटियो । उसलाई सस्तैमा रोक्न बलिङमा रुपन्देहीका मौसम ढकालले ३, अजय चौहानले २ तथा सन्देश थापा, कृष्ण कार्की र देव खनालले समान १-१ विकेट लिए । दाङका दिनेश बोहराले सर्वाधिक २९ रन बनाए ।

यस्तै, एक्स्ट्राटेकमा भएको खेलमा नवलपरासीले सुरुमा ब्याटिङ गरी निर्धारित २५ ओभरमा ७ विकेट गुमाएर २ सय १५ रन बनायो । जवाफमा पाल्पा १८ ओभर ३ बलमा अलआउट हुँदै १ सय १० रनमै समेटियो र हार व्यहोर्यो ।

माघ २४ गतेसम्म चल्ने प्रतियोगितामा लुम्बिनी प्रदेशका सात जिल्लाका टीम सहभागी छन् । छनोट खेलको विजेता र उपविजेता टिमले ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् । यस्तै, प्लेयर अफ द म्याचले ११ हजार १ सय ११ र प्रत्येक दिनको म्यान अफ द म्याचले १ हजार १ सय रुपैयाँ प्राप्त गर्ने खेल संयोजक प्रथम पराजुलीले जनाए ।

प्रतियोगिताको टाइटल स्पोन्सरमा एक्स्ट्रिम इनर्जी ड्रिंक उत्पादक कम्पनी एग्रो थाई फूड्स छ भने प्रायोजकमा एक्स्पर्ट एजुकेसन एण्ड भिजा सर्भिस, बुटवल, ग्रुप ४ प्रोडक्ट प्रालि, काठमाडौं र ग्रुप ४ सेक्युरिटी सर्भिस प्रालि, काठमाडौं छन् । यस वर्षको प्रधानमन्त्री कप चैत्रमा आयोजना गर्ने गरी क्यानले तयारी गरिरहेको छ ।


**Mathagadhi Rural Municipality**

**Office of the Rural Municipal Executive**

**Jhadewa, Palpa**

**INVITATION FOR BIDS**

Notice No:- 06-2082-083, First Date of Publication:- 2026-02-06 AD

1.Mathagadhi Rural Municipality, Office of the Rural Municipal Executive invitesonly electronic bids foreligible bidders for Supply& Installation of following Works under SQ bidding Procedures.

| Contract Identification No. | Description of Work | Estimated Amount (with VAT & PS) | Bid Security Amount | Fee for Bidding Document |
|---|---|---|---|---|
| MRM/EL /SQ/WORKS/ 2082-083/21 | Supply and Installation of Distribution Transformer with Stringing of 11 kV HT line at Mathagadhi Rural Municipality 15-Bed Hospital, Mathagadhi-04, Jhadewa, Palpa | 1,991,167.03 | 50,000.00 | 1000 |

2. Bidder may download the bidding documents and submit their bids electronically through www. bolpatra.gov.np/egp as specified in the Bid document.

Chief Administrative Officer



**Madhyabindu Municipality**

**Office of Municipal Executive**

Madhyabindu-7, Chormara, Nawalparasi(East of Bardghat Susta)

Gandaki Province, Nepal

**Invitation for Bid**

**First Date of publication: 23/10/2082 (06/02/2026)**

1. Madhyabindu Municipality has own resources and has allocated funds to wards the cost of Goods and intends to apply the funds to cover eligible payments under the Contract and is open to all eligible Nepalese Bidders.
2. Madhyabindu Municipality invites Electronic Bids from eligible bidders for the following Civil work.
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at office of Madhyabindu Municipality, Office of Municipal Executive, Chormara, Gandaki Province, Nepal. Ph: 078-410125 or may visit PPMO website www.bolpatra.gov.np/egp.
4. Bidder shall download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np/egp. Bidders should deposit the cost amount mentioned above as a non-refundable fee of bidding document in the Project's Rajaswa (revenue) account as specified in bid document and the scanned copy (pdf format) of the Bank deposited voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.

| Identification No. | Description of work | Procurement Type | Cost of Bidding Document Nrs. | Bid security Amount Nrs. | Validity for bid documents /bid security | Last Date and Time of Bid Submission | Bid Opening Date and Time |
|---|---|---|---|---|---|---|---|
| 21/SQ/MB/ GOODS/2082/83 | Procurement of Livestock mechanization equipment for pashusewasakha | Sealed Quotation- GOODS | 1000/- | 40,000 | 45 days/ 75 days after bid opening | 2026-02-22 12.00 | 2026-02-22 14.00 |

**Chief Administrative Officer**



आकर्षक डिजाइन तथा छपाई

सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !

आइडिया

डिजाइनर्स/अफसेट प्रेस

सम्पर्क:

बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)

यातायात मजदूर संघको भवनमा

फोन:-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७

E-mail:ideapressbtl@gmail.com


सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com